# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६

प.सं. : २०७९/०८०
च.नं. : ४८८२

मितिः २०८०।०३।२५

**विषयः नाम/थर वा जन्ममिति संशोधन सम्बन्धी जरूरी सूचना।**

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका,
डाँछी, काठमाडौं।

प्रस्तुत विषयमा शै.सत्र २०७९।८० को कक्षा ८ को नगरपालिकास्तरीय वार्षिक परीक्षामा सहभागी भएका सामुदायिक तथा संस्थागत सम्पूर्ण विद्यालयका छात्र/ छात्राहरूको ग्रेडसिट र ग्रेडलेजर वितरण गरिसकिएको छ। विद्यार्थी र विद्यालयले परीक्षामा सहभागी हुन भरेको फारम र सो संग संलग्न कागजातका आधारमा नाम, थर वा जन्ममिति संशोधन गर्नुपरे नतिजा प्रकाशन भएको मितिले (२०७९।१२।२६) ६ महिना भित्रमा तपसिलमा उल्लेखित आवश्यक कागजात र विद्यालयको सिफारिस सहित नगरपालिका शिक्षा शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। तोकिएको मिति पश्चात संशोधन सम्बन्धी कुनै पनि कारवाही नहुने व्यहोरा सम्पूर्ण विद्यालय, विद्यार्थीहरू र सरोकार राख्ने सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**आवश्यक कागजातहरू:**

**क) प्रवेशपत्र/रजिष्ट्रेशन प्रमाणपत्रमा भएको विवरण अनुसार ग्रेडसिट र प्रमाणपत्र संशोधन गर्नुपर्ने अवस्थामाः**

१. सक्कल प्रवेशपत्र वा रजिष्ट्रेशन प्रमाणपत्र ।
२. सक्कल ग्रेडसिट र प्रवेशपत्र।
३. व्यहोरा खुलेको विद्यालयको सिफारिस।
४. वावु वा आमाको नाम/थर फरक परेमा नागरिकताको सक्कल प्रमाणपत्र पेश गर्नुपर्ने।
५. प्रतिलिपि/दोहोरो जन्म दर्ता प्रमाणपत्र पेश गर्नु परे एउटै व्यहोरा खुलेको हुनुपर्ने।

**ख) जन्मदर्ता प्रमाणपत्र वा नागरिकतको प्रमाणपत्र बमोजिम ग्रेडसिट र प्रमाणपत्र संशोधन गर्नुपर्ने अवस्थामाः**

१. सक्कल ग्रेडसिट र प्रमाणपत्र ।
२. जन्मदर्ता प्रमाणपत्र वा नागरिकाताको प्रमाणपत्रको प्रतिलिपि ।
३. सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट दुवै नाम/थर गरेको व्यक्ति एउटै हो भन्ने व्यहोराको सक्कलै फैसला पर्चा।
४. सम्बन्धित विद्यालयको सिफारिस।

***नोटः सम्बन्धित विद्यालयहरूले यसै सूचनालाई आधार मानी सम्बन्धित विद्यार्थीहरूलाई सूचनाको जानकारी गराइदिनुहुन।***

..........................
(विमल प्रसाद निरौला)
शिक्षा अधिकृत (आठौं तह)

"सबल, सक्षम, सुशासनयुक्त, विकासमुखी स्थानीय सरकार"

**Email:** er.kageshworimun@gmail.com, **Website:**www.kageshworimanoharamun.gov.np